# युवा उद्यम कार्यक्रम तथा युवा स्वरोजगार कोष बारेमा प्रशिक्षाणात्मक कार्यक्रमको प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको संस्था**

राष्ट्रिय युवा परिषदको कार्यालय
सानोठिमी, भक्तपुर, नेपाल

**पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल
ललितपुर

## “युवा उद्यम र युवा स्वरोजगार कोष बारेमा प्रशिक्षात्मक सचेतना कार्यक्रम”

प्रतिवेदन

### भूमिका

विविधता भित्र एकता रहेको नेपाल राष्ट्रमा, बहुभौगोलिक, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुराष्ट्रिय र बहुसाँस्कृतिक विविधता भएको समुदायहरु रहेका छन् । ती समुदाय भित्र ४०% स्थान ओगट्ने देशको लागि सृजनशिल समूह भनिने युवा समुहहरु रहेका छन् । यसको आधा भन्दा बढी महिला युवाहरु छन् । ती महिला युवाहरु रोजगारको शिलशिलामा देश र देश बाहिर समेत छरिएर रहेकाले ती सम्पूर्ण महिला युवाहरुलाई औद्योगिक रुपमा सशक्तिकरण, नेतृत्व, शैक्षिक, साँस्कृतिक, सामाजिक जनचेतना जगाई उनीहरुमा सिप तथा क्षमता र नेतृत्वको विकास गरी आत्मनिर्भर तथा दक्ष बनाई सम्पूर्ण महिलाहरुको सर्वाङ्गीण विकास र संगठित गर्नको लागी संस्थागत रुपमा आफैले तथा विभिन्न सरोकारवा संस्थाहरुसँग सहकार्य गर्दै विभिन्न क्रियाकलापहरु संचालन गर्दै आइरहेको छ । आदिवासी जनजाति महिलाहरुको अधिकारहरु स्थापित गर्न गराउन संगठित रुपले क्रियाशिल गर्दै राज्यको हरेक निकायमा अपरिहार्य एवं सार्थक सहभागिताको लागि विद्यमान राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक विभेदहरुको समूल अन्त्य गरी सम्पूर्ण जात जाति, वर्ण तथा लिङ्गहरुको अस्तित्व, सद्भाव, भातृत्व र विश्वास कायम राख्न आवश्यक समन्वयकारी भूमिका खेल्दै संस्थाले सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गर्दै आइरहेको छ । यसै अनुरुप आदिवासी जनजाति महिला युवा संजालले महिलाहरुको क्षमता, शिप, नेतृत्व विकास गर्दै अन्य महिला युवाहरुसँग सहकार्य गर्दै राज्यमा आफ्नो अधिकार स्थापना गर्न यस संजालको स्थापना भई कार्यहरु गरिरहे अनुसार यो कार्यक्रम संचालन गरेर प्रतिवेदन तयार गरि पेश गरिएको छ ।

### कार्यक्रम प्रतिवेदन

युवा आफैमा उत्साह, सिर्जना र परिबर्तन हो । आजको विश्व समाजमा युवा अथवा Youth भन्ने बित्तिकै जोस, जाँगर उत्साह, सिर्जना आदि भन्ने बुझिन्छ । आजको एकाईसौं शताब्दीको परिबर्तन हिजोको युवाहरुको योग्दानको आधार हो । विकसित राष्ट्रहरुका आजका युवाहरुले भोलीको बाईसौं शताब्दीलाई कहाँ पुर्‍याउनु पर्ने हो भन्ने बारेमा नयाँ नयाँ सिर्जनामा लागिरहेका छन् । जुन रुपमा

विश्व अगाध रुपमा अगाडी बढिरहेको छ, तर नेपाली युवाहरु भने विश्व विद्यालयको प्रमाणपत्रलाई थाँती राखेर खाडी मुलुकमा जान बाध्य छन् । युवा आफैमा हतियार त हो तर सो हतियारलाई चलाउने प्रक्रिया, प्रणालीको विकास पनि हुन आवश्यक छ । यदी युवाहरुलाई सहि सदुपयोग गरेमा सकारात्मक र असंव्यभावी परिबर्तन पनि संभव छ । तर त्यही युवाहरुलाई सही परिचालन गर्न नसके युवाको कुनै अर्थ रहन्न । सरकारले राष्ट्रिय युवा परिषद अर्न्तगत सबै जिल्लाहरुमा जिल्ला युवा समिति गठन गरेर युवा उद्यम कार्यक्रम संचालन गरेता पनि विशेष गरेर महिला युवाहरुलाई यस बारेमा थाहा छैन । यसै गरी केही सिप प्राप्त भएका महिला युवाहरुलाई यस्ता खालका कार्यक्रमहरुको नितान्त आवश्यक छ । राज्यले युवाहरुको लागी संचान गर्दै आएको “युवा उद्यम कार्यक्रम” बारेमा महिला युवाहरुलाई थाहा छैन । साथै यसको आवश्यक प्रक्रियाहरु कसरी संचालन गर्ने, प्रक्रिया के हो भन्ने बारेमा थाहा छैन । यसको साथै नेपाल सरकारले युवा स्वरोजगारकोष संचालनमा ल्याएको कार्यक्रम १० वर्ष भइसक्दा पनि हालसम्म महिला युवाहरु थाहा छैन । महिलाहरु विभिन्न हिसाबले विभिन्न सामाजिक संस्थाहरुले तालिम दिएर आफ्नो क्षमता विकास गर्दै आत्म विश्वास भएता पनि लगानी गर्ने आर्थिक स्रोत नहुँदा धेरै महिलाहरु तालिम लिएर पनि त्यति कै बस्नु परिरहेको छ । यसकारण ललितपुर जिल्लामा रहेका, महिला, आदिवासी जनजाति महिलाहरु र दलित, लगायत सबै महिलाहरुलाई लक्षित गरि युवा उद्यम कार्यक्रम तथा युवा स्वरोजगार कोष बारेमा चेतनामूलक प्रशिक्षण कार्यक्रम संचालन गरी प्रतिवेदन पेश गरिएको छ ।

**कार्यक्रमको औचित्य**

विश्वको कुल जनसंख्याको करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । भने नेपालमा राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्या २,६४,९६,५०४ मध्ये महिला ५१.५० प्रतिशत १,३६,४५,४६३ रहेको छ *(स्रोतः राष्ट्रिय जनगणना २०६८)*। राष्ट्र विकास हुनकोलागि राष्ट्रमा रहेका सबै वर्ग, जाति, क्षेत्रको विकास हुन आवश्यक छ । समुदायको हिसाबले महिला, पुरुष, तेस्रो लिङ्गी सबैको समान विकास हुन जरुरी छ । अन्यथा कुनै एक समुदाय वर्ग अथवा जाति विशेषको मात्र विकास भएमा त्यसले राष्ट्रमा विवाद मात्र निम्त्याउँछ । नेपालमा समग्र विकास प्रक्रिया तथा चेतना र अधिकारको हिसाबमा पुरुषका तुलनामा महिलाहरु परिवारबाट, समाजबाट र राष्ट्रबाट नै दोस्रो दर्जाको रुपमा व्यवहार गरिंदै आएको पाइन्छ । कानुनहरु धेरै बनेका छन् । अन्तरिम संविधानमा

पनि कम्तिमा हरेक निकायहरुमा महिलाहरुको सहभागीता ३३ प्रतिशत भनेर उल्लेख गरिएको छ । तर सो कार्यान्वयन हुन सहिरहेको छैन । यसैगरी अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सम्मेलनहरुमा तथा संयुक्त राष्ट्रसंघले महिलाहरुको अधिकारहरु प्रशस्त मात्रामा दिएको छ । यसलाई नेपाल सरकारले पनि पालना गर्दै कार्यान्वयन गर्छु भनि हस्ताक्षर तथा अनुमोदन गरिसकेको छ । सरकारको तर्फबाट विभिन्न सम्मेलनहरुमा सहभागीता जनाउँदै आएको छ । तर अहिलेको नेपाली समाजमा नत राष्ट्रिय स्तरमा भएका कानुनहरुको बारेमा महिलाहरुलाई थाहा छ, नत महिला अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सन्धिहरुको बारेमा नै सचेत छन् । जबसम्म ती कानूनहरु तथा सन्धिहरुको बारेमा महिलाहरुलाई थाहा हुन्न तब सम्म उनीहरुले आफ्नो अधिकारको बारेमा थाहा हुन्न । साथै सम्बन्धित निकायहरुमा यसको लागि पहल पनि गर्दैनन् । यसको साथै जब सम्म महिलाहरुले राज्यको स्रोतहरुको पहुँचमा पुग्न सक्दैन र राज्यबाट पाउने सुविधा प्राप्त गर्न सक्दैन तब सम्म नत परिवार, समाज बन्छ, नत राष्ट्र नै विकास हुन्छ । यदी महिलाहरु हरेक हिसाबले सक्षम भएमा परिवार, समाज र राष्ट्र हरेक क्षेत्रमा सहयोग पुग्छ । साथै पुरुषको तुलनामा महिला जनसंख्या बढी भएको हुनाले जब सम्म महिलाहरु रोजगारीमा समावेश हुन्न तब सम्म राज्य विकास हुन सक्दैन । यसकारण महिलाहरुको बेरोजगारीको समस्या भएको कारण नै नेपाल अविकसित भएको हो । यसकारण राज्यले युवा लक्षित संचालन गर्दै आएको कार्यक्रमहरु महिलाहरुलाई प्रत्यक्ष रुपमा लाभ पुर्‍याएको छ ।

**कार्यक्रमको उद्देश्य**

१. नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय अर्न्तगत राष्ट्रिय युवा परिषदले विभिन्न जिल्लाहरुमा संचालन गर्दै आएको जिल्ला युवा समितिहरुको संचालन गर्दै आएको युवा उद्यम कार्यक्रम, यसको नीति निमयहरु र प्रक्रियाको बारेमा सचेतना जगाउन ।

२. नेपाल सरकार अर्थ मन्त्रालयद्धारा संचालन गर्दै आएको युवा स्वरोजगार कोष बारेमा, यसको नीति निमयहरु र प्रक्रियाको बारेमा सचेतना जगाउन ।

३. जो महिलाहरु सिप सिकेर पनि आर्थिक स्रोत व्यवस्थापन गर्न सकिरहेका छैनन् उनीहरुलाई राज्यको सरकारी स्रोतहरुको बारेमा सचेतना जगाउन ।

**विधि**

युवा उद्यम कार्यक्रम तथा युवा स्वरोजगार कोषको बारेमा ज्ञाता प्रशिक्षकहरुद्धारा प्रशिक्षण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न समूदायहरुका युवा महिलाहरुको सहभागीता गराइएको थियो । जसमा ५० जना महिला सहभागीता रहेको छ । यस तालिमले सिप सिकेर व्यवसाय संचालन युवा महिलाहरुलाई प्राथमिकता दिने हिसाबले तालिम संचालन गरिएको थियो । कार्यक्रममा प्रशिक्षणमा आवश्यक पर्ने ल्यापटप, मारकर, एलसिडी प्राजेक्ट, लगायत सामग्रीहरु, फोटोकपी आदि प्रयोग गरिएको थियो ।

**उपलब्धी**

यस कार्यक्रमले खासगरी युवा महिलाहरुलाई लक्षित गरेर कार्यक्रम सम्पन्न गरिएको थियो । जसमा सिमान्तकृत समूदायहरु, दलित, आदिवासी जनजाति लगायतका महिलाहरुलाई समावेश गरिएको थियो । कार्यक्रमा ६० जना महिलाहरुले प्रत्यक्ष रुपमा युवा स्वरोजगार बारेमा प्रशिक्षित हुने अवसर पाएका थिए । सहभागीहरुले नेपाल सरकारले संचालन गरेको युवा उद्यमी, स्वरोजार व्यवसाय बारेमा सिक्ने अवसर प्राप्त गरेका थिए । खासगरी स्वरोजगारको विषयमा निर्देशिकाले निर्देशित गरिएका विषयहरुमा प्रशिक्षण दिइएको थियो ।

**निष्कर्ष**

आर्थिक हिसाबले गरिब, निम्न आय भएका र बेरोजगारी समूहहरु तथा जातिय हिसाबले सिमान्तकृत, लोपोन्मुख, पिछाडा वर्ग, मधेशी, आदिवासी समूदायहरुलाई र क्षेत्रिय आधारमा ललितपुर जिल्लामा संचालन गरेता पनि त्यहाँ बसोबास गर्दै आएका भौगोलिक रुपमा विकट जिल्लाहरुको समूदायहरुलाई लक्षित गरेर कार्यक्रममा सहभागी गराइएको हुनाले कार्यक्रम उपयुक्त रहेको सहभागीहरुले जनाएका थिए । कार्यक्रमको अवधि छोटो भएको हुनाले केही रुपमा जनचेतना भएता पनि स्वरोजगारको विषयमा कार्यान्वयन गर्न र स्रोत साधनहरु ल्याउन, परिचालन गर्न थप यस्तो कार्यक्रम रहेको निष्कर्ष रहेको छ ।